नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

# प्रेस विज्ञप्ति

## मिति: २०८३/०५/१७

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण विद्युत् पूर्वाधारमा ठूलो क्षति पुगेपछि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले प्रभावित रसुवा र नुवाकोट जिल्लाका जलविद्युत आयोजना, विद्युत संरचना तथा प्रभावित समुदायको उद्धार, राहत, समन्वय र विद्युत् आपूर्ति पुनःसुचारु गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाएको छ। उक्त कार्यका लागि आज भएका प्रमुख प्रगति निम्नानुसार रहेका छन्।

१. माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीज्यूले चिलिमे जलविद्युत् परियोजनामा सम्पर्कविहीन रहेका राष्ट्रसेवकका परिवारसँग भेट गरी सरकार दुःखको यस घडीमा परिवारजनसँगै रहेको तथा अन्तिम सम्भावनासम्म खोजी तथा उद्धार प्रयास जारी रहने प्रतिवद्धता व्यक्त गर्नु भएको। चिलिमे जलविद्युत आयोजनाको विद्युतगृहमा फसेकालाई उद्धारगर्न साँघुरो खोचका कारण हेलिकोप्टर अवतरणमा समस्याको कारण Exacavator लान नसकिएकोले उद्धारका लागि करिब २०० जना जनशक्ति समेत खटाई manually excavate गर्ने विषयमा छलफल भएको। साथै राज्यका सम्पूर्ण संयन्त्र, दक्ष जनशक्ति, प्रविधि र उपलब्ध स्रोतसाधन परिचालन गरी खोजी तथा उद्धार कार्य निरन्तर सञ्चालन भइरहेको जानकारी दिँदै परिवारजनलाई आशा र धैर्य कायम राख्न आग्रह गर्नु भएको।

२. मन्त्रालयको तर्फबाट नुवाकोट र रसुवाको कमाण्ड पोस्टमा रही आवश्यक समन्वय र सहजीकरण गर्न क्रमसः सि.डि.इ. गोपी प्रसाद साह (मो.नं. ९८५१२१३७९४ नुवाकोटको लागि) र सि.डि.इ. सुर्यदेव गुप्त (मो.नं. ९८५१२३७०५१ रसुवाको लागि) लाई खटाइएको।

३. बाढीका कारण सिर्जना भएको राष्ट्रिय विपदका समयमा राहत तथा उद्धार कार्यलाई सहयोग पुऱ्याउने उद्देश्यले विद्युत् नियमन आयोग, हाइड्रो इलेक्ट्रिसिटी डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआईडीसीएल) र ग्रिन भेन्चर लिमिटेडले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि क्रमशः १ करोड, १ करोड १ लाख र ११ लाख रुपैयाँ गरी कुल २ करोड १२ लाख रुपैयाँ सहयोग हस्तान्तरण भएको।

४. रसुवा जिल्लाको उत्तरगयाँ गाउँपालिका वडा नं. ४ मा विद्युत सेवा सुचारु गरिएको। साथै, चपली देविघाटको दोस्रो सर्किट सुचारु गरी ६६ के. भि. लाइन चार्ज गरिएको। सोबाट नुवाकोटको तार्केश्वरको वडा नं. १, ५ र ६ र विदुर न. पा. को ३ नं. वडाको केहि भाग र ६ नं. वडाको सम्पूर्ण भागमा विद्युत सुचारू भएको। बाँकी प्रभावित राष्ट्रिय प्रसारण नपुगेको क्षेत्रमा पनि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

विद्युत पहुच पुगेको क्षेत्रमा नेपाल विद्युत प्राधिकरण मार्फत आवश्यक जनशक्ति, उपकरण तथा स्रोतसाधन परिचालन गरी विद्युत् सेवा यथाशिघ्र नियमित गर्ने कार्य जारी रहेको।

५. विद्युत सेवा सुचारु हुन नसकेका क्षेत्रमा वैकल्पिक ऊर्जा प्रवर्दन केन्द्रले खरिद गरेको ७ सेट र अन्य संस्थाबाट संस्थागत सामाजिक उत्तरदायित्व स्वरुप उपलब्ध गराएको ३ सेट गरी जम्मा १० सेट संस्थागत सौर्य विद्युत प्रणाली रसुवाको गोसाइकुण्ड गाउँपालिकाको वडा नं. १, २ र ३ मा ४ सेट, रसुवाको आमाछोदिङमो गाउँपालिकाको वडा नं. १ र २ मा २ सेट, नुवाकोट विदुर नगरपालिकाको वडा नं. १० र ११ मा २ सेट, नुवाकोटको बेलकोटगढी नगरपालिकाको वडा नं. ८ मा १ सेट र धादिङ्गको गल्छी गाउँपालिकाको वडा नं. ६ मा १ सेट पठाइएको।

६. बाढिका कारण जलविद्युत आयोजनाको सुरुङ लगाएत परिसरमा फसेकालाई उद्धारका लागि नेपाल विद्युत प्राधिकरणको प्राविधिक टोलि समेतको संलग्नतामा नेपाली सेनाको नेतृत्वमा भारतीय, चाइनिज प्राविधिक तथा विज्ञ टोलीले निरन्तर कार्य गरिरहेको।

७. नेपाल सरकारद्वारा नागरिकलाई सरकारी सूचना तथा सेवासम्वन्धी जानकारी सहज रूपमा उपलब्ध गराउने उद्देश्यले राष्ट्रिय पोर्टल nepal.gov.np सञ्चालनमा ल्याइएकोले यस मन्त्रालयसँग सम्वन्धित सुचना तथा खवर आजैका मिति देखि सोही पोर्टलमा समेत सम्प्रेषण गरिने।

५।१८

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता